## अभिव्यक्ति...

'अभिव्यक्ति स्वतन्त्रमाथिको बढ्दो आक्रमणको पृष्ठभूमिमा यी विधेयकलाई प्रस्ताव गरिएको छ। कुनै समय आलोचनात्मक विचार र दृष्टिकोणका सवालमा नेपालमा भएको खुलापनका कारण नेपालप्रति इर्ष्या गर्दथे। अहिले त्यो प्रतिष्ठामाथि खतरा देखापरेको छ', एमनेस्टीले भनेको छ, 'केही भनेको, लेखेको वा गाएकै आधारमा सरकारले कारबाही जारी राखेको छ। सूचना प्रविधि विधेयक र अन्य विधेयकलाई मानिसको अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई प्रत्याभूत गर्ने गरी अन्तराष्ट्रिय कानुन र मापडदण्डअनुरूप संशोधन गरिनुपर्छ।'

एम्नेस्टीका दक्षिण एसिया निर्देशक बिराज पटनायकले खुलापनमा बन्देज नहुने गरी अन्तर्राष्ट्रिय मान्यतालाई आत्मसात् गर्न सुझाव दिएका छन्। विधेयकको दफा ९४ ले 'राष्ट्रिय एकता, आत्मसम्मान, राष्ट्रिय हित, संघीयताका इकाईहरूबीचको सम्बन्ध'विरुद्ध सामाजिक सञ्जालमा सामग्री राख्ने गर्ने कार्यलाई अस्पष्ट रूपमा अपराधीकरण गरेको एमनेस्टीले जनाएको छ।

यस्तै 'जिस्क्याउने', 'धोकाधडी र छल गर्ने', 'निराश पार्ने' र 'होच्याउने' कार्यलाई स्पष्ट व्याख्याबिनै निषेध गर्ने व्यवस्था गरेकोसमेत जनाइएको छ। सूचना प्रविधि अदालत गठन सम्बन्धमा न्याय परिषद्लाई छलेर सदस्य नियुक्त गर्ने अधिकार दिएको भन्दै एमनेस्टीले आपत्ति जनाएको छ।

'यसले अदालतमा कार्यपालिकाको प्रभाव, न्यायपालिकाको स्वतन्त्रता र अदालतमा निष्पक्ष सुनुवाइको प्रत्याभूतिमाथि गम्भीर चिन्ता पैदा गरेको छ', विज्ञप्तिमा लेखिएको छ।

## डेपुटी...

छानबिन समितिको औपचारिक प्रतिवेदन सार्वजनिक हुन सकेको छैन। तर अनौपचारिक विवरणअनुसार श्रेष्ठलाई कारबाही गर्नुपर्ने 'यथेस्ट' कारण उल्लेख गरिएको थियो। छानबिनमा संलग्न अधिकारीका अनुसार डेपुटी गभर्नर श्रेष्ठमाथि मुलत: बैंकको सञ्चालन जोखिम बढाउने गतिविधिमा सहयोग गरेको आरोप लगाइएको थियो। थुप्रै बैंकले केही समूहलाई निर्धारित प्रक्रिया नै नपुर्‍याइ ऋण दिने र पर्याप्त सुरक्षणसमेत नराख्ने गरेको छानबिनमा देखिएको बताइएको छ।

बैंकको यस्तो बदमासी ढाकछोप गर्न डेपुटी गभर्नर श्रेष्ठले नियामक निकायमा बसेर भूमिका खेलेको आरोप लगाइएको छानबिन समितिले लगाएको अपुस्ट खबर बाहिर आएका थिए। यस्तै सम्पत्ति शुद्धीकरणमा सघाएको र दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेललाई करिब २ अर्ब रुपैयाँ लाभांश 'गैरकानुनी रूपमा विदेश लैजान बाटो खोलिदिएको' आरोप छानबिन समितिले लगाएको थिए।

विदेश भ्रमणमा फर्जी बिल खडा गरेर ४ लाखभन्दा बढी घोटला गरेको पनि छानबिन प्रतिवेदनमा उल्लेख भएको राष्ट्र बैंकका अधिकारीले बताएका छन्। तर सरकारले उनीविरुद्ध लागेका आरोप पुष्टी गर्न नसकिएको बताएको छ। 'आरोप लागेपछि छानबिन गर्नुपर्‍यो। तर जे गल्ति खोजिएको हो, त्यो केही पनि नपाइएपछि सफाइ पाएको अवस्था हो,' मन्त्री बास्कोटाले भने। समितिले गएको २४ मंसिरमा राष्ट्र बैंकका गभर्नर डा.चिरञ्जीवी नेपाललाई बुझाएको उक्त प्रतिवेदन अर्थ मन्त्रालयले मंसिर अन्तिममै मन्त्रिपरिषद्मा पेस गरेको थियो। सोही आधारमा सरकारले दुई साताअघि श्रेष्ठसँग सफाइको स्पष्टीकरण मागेको थियो।

राष्ट्र बैंक ऐनले राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर र सञ्चालकलाई बर्खास्त गर्नुपरे छानबिन समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ। समितिले पेस गरकौ सिफारिसका आधारमा सरकारले उनीहरूलाई पदमुक्त गर्नसक्ने प्रावधान छ। राष्ट्र बैंकको उद्देश्य हासिल गर्न आवश्यक काम गर्ने कार्यक्षमता अभाव भएमा, काम कारबाहीमा बेइमानी वा बदनियत गरेको देखिएमा वा चित्तबुझ्दो कारणबिना लगातार तीन पटकभन्दा बढी सञ्चालक समितिको बैठकमा उपस्थित नभएमा सरकारले त्यस्ता पदाधिकारीलाई बर्खास्त गर्नसक्ने व्यवस्था छ।

खराब आचरणका कारण कुनै पेसा व्यवसाय गर्न अयोग्य ठहराएर प्रमाणपत्र खोसिएको व्यक्ति पनि बर्खास्तीमा पर्नसक्छन्। त्यसबाहेक डेपुटी गभर्नर बन्न अयोग्य सावित भएका व्यक्तिको पनि पदमुक्त हुन्छ। त्यस 'बाहेक अन्य कारणबाट गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई हटाउन सकिने छैन' ऐनको दफा २२ मा उल्लेख छ।

## अर्थमन्त्रीलाई...

त्यसपछि रावलले सरकारविरुद्ध दायर गरेको मुद्दामा अदालतले उनलाई बहाल गरिदिएपछि २०५८ वैशाखमा आचार्यले नैतिकताका आधारमा मन्त्री पदबाट राजीनामा दिएका थिए।

डेपुटी गभर्नर श्रेष्ठलाई सरकारको सम्पत्ति शुद्धीकरण प्रयासमा असहयोग गरेको गम्भीर आरोप लगाइएको थियो। प्रधानमन्त्री कार्यालयमातहत रहेको सम्पत्ति शुद्धीकरण विभागको सिफारिसमा अर्थमन्त्रीले श्रेष्ठमाथि छानबिन गर्न राष्ट्र बैंकको सञ्चालक समितिलाई निर्देशन दिएका थिए। बैंक तथा वित्तीय संस्थाको खराब कर्जा लुकाउन सहयोग गरेको तथा फर्जी बिल बनाएर राष्ट्र बैंकलाई नोक्सान पुर्‍याएको आरोप श्रेष्ठविरुद्ध लागेको थियो।

राष्ट्र बैंकले कात्तिक १८ मा छानबिन समिति बनाएको थियो। उक्त समिति सक्रिय भएसँगै श्रेष्ठ निलम्बनमा परेका थिए। समितिले एक महिनामा प्रतिवेदन तयार गरी श्रेष्ठलाई बर्खास्त गर्न सिफारिस गरेको थियो। अर्थमन्त्रीले पेस गरेको उक्त प्रतिवेदन तथा श्रेष्ठको स्पष्टीकरणका आधारमा मन्त्रिपरिषद्ले उनलाई निर्दोष करार गरी पुनर्बहाली हुन अनुमति दिएको छ। २०७२ फागुन १९ मा डेपुटी गभर्नर नियुक्त श्रेष्ठको कार्यकाल १३ महिना बाँकी छ। ठूलो आरोपबाट सफाइ पाएका श्रेष्ठले सम्मानपूर्वक उँचो मनोबलका साथ पुनर्बहाली हुने भएका छन्।

## खराब...

प्रहरीले अनुसन्धानका क्रममा ग्लोबल माउन्टेन आउटवेयरको म्हैपीको ८२ र २ नम्बर कित्ता अनि सामाखुसीको २३२ नम्बर कित्तामा कति-कति ऋण छ, खुलाई पठाइदिनू भनेर सोधेकामा झन्डै ८ करोड ऋण दिएको देखियो।

अदालतको स्वीकृति लिएर प्रहरीले भुमादेवीलाई असार ८ मा पक्राउ गरी थुनामा राख्यो। उनी थुनामा रहँदै असार १८ मा थप ८५ लाख रुपैयाँ ओभर ड्राफ्ट दिएर थप कर्जा नवीकरण गर्‍यो। यसलाई वित्तीय क्षेत्रको भाषामा 'लोन इभरग्रिनिङ' भनिन्छ। बैंकले यस्ता व्यक्तिलाई ऋण दियो, भुमादेवी र उनका श्रीमान् गुरुदत्त पौडेल जेठ २९ मै कालोसूचीमा परेका थिए।

कालोसूचीमा परेपछि एकाघर परिवारका नाममा ऋण दिन र नवीकरण गर्न पाइँदैन। असार १९ मा एकै दिन उक्त ऋणीको खाताबाट ८५ लाख रुपैयाँ झिकेको पाइयो।

उक्त ओभर ड्राफ्ट दिएर बैंकले कर्जाको ब्याज तिराएको थियो। ब्याज नियमित नभएको भए बैंकले ऋणको प्रोभिजनिङ (जोखिम व्यवस्थाबापत निश्चित रकम छुट्याउने व्यवस्था) गर्नुपर्थ्यो। यसले बैंकको खराब कर्जा बढ्थ्यो र नाफा कम हुन्थ्यो।

यस सम्बन्धमा उजुरी परे पनि राष्ट्र बैंकले आँखा चिम्लिएको छ। कानुनत: कालोसूचीमा परेका ऋणीलाई राष्ट्र बैंकले आफूले इजाजत दिएका वित्तीय संस्थाबाट ऋण दिन बन्देज लगाएको छ।

यस सम्बन्धमा बैंककी प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनुपमा खुञ्जेलीले ऋणको प्रोभिजनिङ गराउनुपर्ने अवस्थामा बाध्य भएर ओभर ड्राफ्ट दिनुपरेको बताएकी छन्। 'उनीहरूको विवाद सल्टियोस् भनेर बैंकले प्रयास गरिरहेको छ', उनले भनिन्।

**मेगाको मिलेमतो कहाँ-कहाँ ?**

मेगाले २०७५ पुस ३० मा ब्याज लिनका लागि भुमादेवीलाई ऋण दियो। माघ २२ मा फेरि ३५ दिने कर्जा चुक्ता सूचना निकाल्यो। त्यसपछि फेरि चैत ६ गते अर्को सूचना निकाल्यो।

फेरि २०७६ असार १८ मा कालोसूची र थुनामा हुँदाहुँदै ओभर ड्राफ्ट कर्जा र सम्पूर्ण कर्जाको नवीकरण गरियो। भोलिपल्टै पैसा झिक्न दिइयो। त्यसपछि भदौ १६ मा म्हैपीको जग्गा लिलामीका लागि सूचना निकाल्यो।

उत्तमले जग्गा लिलामी रोक्काका लागि आफूमाथि ठगीका आधारमा जिल्ला अदालत काठमाडौंमा निशेधाज्ञा माग गरे। अदालतले बैंकलाई सोध्दा उत्तम कुमारको बारेमा कुनै अधिकार छैन, उनी खराब ऋणी हुन् भनियो।

तर, बैंकले उत्तम कुमारलाई राम्रो ऋणी हो भनेर पत्र उपलब्ध गराएको थियो। मेगासँग कुनै दायित्व नरहेका उत्तम कुमारको सम्बन्धमा अदालतलाई पनि गुमराहमा राखेको देखियो। उत्तम कुमारले बैंकलाई ऋणको किस्ता नियमित नबुझाएको भए उनको ऋण सकार्ने अर्को व्यक्तिका नाममा हस्तान्तरण हुने थिएन।

**को हुन् भुमादेवी र गुरुदत्त पौडेल ?**

कैलाश विकास बैंकबाट ऋण लिएर धापासीको घर लिलाम गराएका पौडेलकै जग्गा आईएमई कोअपरेटिभ सर्भिसले नवलपरासी कावासोतीको जग्गा पनि लिलाम गरेको थियो।

मेगामा ८५ लाख रुपैयाँ ऋण लिएकै बेला हेटौंडाको जग्गाधनीलाई दिएको चेक बाउन्स भएको थियो। उनले चेक बाउन्स मुद्दा खेपिरहेका छन्। भुमादेवी गौतम काठमाडौं जिल्ला अदालतको आदेशअनुसार २५ लाख रुपैयाँ धरौटी जम्मा गर्न नसकेका कारण जेलमा छिन्।

---

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

**वन तथा भू-संरक्षण बिभाग**

बबरमहल, काठमाडौं, नेपाल

फोन:+९७७-१-४२२०३०३/४२१६३७९, इमेल::info@dof.gov.np

**संक्षिप्त सूची प्रकाशित गरिएको सूचना**

सूचना प्रकाशित मिति: २०७६/१०/०३

प्रस्तुत बिषयमा यस बिभागबाट मिति: २०७६/०८/०२ (EoI Number: EoI/DoFSC/2076/77-01) र मिति: २०७६/०९/०१ (EoI Number: EoI/DoFSC/2076/77-02) मा प्रकाशित आशयपत्र माग गर्ने सूचना बमोजिम प्राप्त आशयपत्रदाताहरुको योग्यता, अनुभव र क्षमताको मूल्यांकन गरि तपशिल बमोजिमका आशयपत्रदाताहरुलाई संक्षिप्त सूचीमा समावेश गरिएको जानकारी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उप-नियम १० बमोजिम तथा सोहि नियमावलीको सोहि नियमको उप-नियम १४ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| **कार्य:** Preparation of Land Use Plans with Identification of Forest Enterprises in Forest Areas of Municipalities (EoI Number: EoI/DoFSC/2076/77-01) | | **कार्य:** Demarcation of Forests within Provinces and Inter Provincial Forests (EoI Number: EoI/DoFSC/2076/77-02) | |
|---|---|---|---|
| **क.सं.** | **संक्षिप्त सूचीमा समावेश आशयपत्रदाताहरुको नाम तथा ठेगाना** | **क.सं.** | **संक्षिप्त सूचीमा समावेश आशयपत्रदाताहरुको नाम तथा ठेगाना** |
| १. | DND-MOONLIGHT JV, थिमि, भक्तपुर | १. | Smart Pvt. Ltd., अनामनगर, काठमाडौं |
| २. | Smart Pvt. Ltd., अनामनगर, काठमाडौं | २. | Udaya Consultancy, मध्य बानेश्वर, काठमाडौं |
| ३. | GEOCOM RAJDEVI JV, धोबिघाट, ललितपुर | ३. | Technocrat Consultancy-Natural Resources and Environment center Nepal JV, हाँडीगाँउ, काठमाडौं |
| ४. | Genesis Consultancy, Pulchowk, Lalitpur | ४. | Bright Future International Pvt. Ltd. (BFI), सुविधानगर, काठमाडौं |
| ५. | Shrestha/Geo Spatial/Civil Link, Ekantakuna, Lalitpur | ५. | MOONLIGHT-DND JV, मध्यपुर, थिमी, भक्तपुर |
| ६. | ADMC-Civil Informatics JV, New Baneshwor, Kathmandu | ६. | Nest-Auto Carto JV, सुरुचिमार्ग, काठमाडौं |
| ७. | UDAYA/Bright Future International JV, Baneshwor, Kathmandu | ७. | Rajdevi Engineering Consultant Pvt. Ltd., शंखमुल, काठमाडौं |
| ८. | FBC-DSC JV, Sinamangal, Kathmandu | ८. | Genesis Consultancy, पुल्चोक, ललितपुर |
| ९. | NEPAL ENVIRONMENT AND SCIENTIFIC SERVICES (P) LTD. Thapathali, Kathmandu | ९. | Total Management Services Pvt. Ltd., कमलपोखरी, काठमाडौं |
| | | १०. | ERMC-PICASSO-GISMC JV, पुल्चोक, ललितपुर |

संक्षिप्त सूचीमा समावेश आशयपत्रदातालाई प्रस्तावसम्बन्धी कागजात (Request for Proposal) पठाई प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।

---

**गौरीशंकर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सुरी, दोलखा

वागमती प्रदेश, नेपाल

visit nepal 2020

**आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०७६।१०।०३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाले आ. व. २०७६/७७ का लागि तपशिलमा उल्लेखित शिर्षकहरूमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ३ नं. प्रदेश सरकारले तोकेको दररेटमा **जिल्ला समन्वय समितिको कार्यालय, दोलखा बाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७६** (IEE Report 2076) मा उल्लेखित यस गाउँपालिका अर्न्तगत पर्ने तामाकोशी खोला तथा नदीनालाहरुबाट स्वीकृत परिमाण भित्र गरी बालुवा, गिटी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा आदिमा संकलनतथानिकासी कर संकलनगर्नुपर्ने भएकोले मिति २०७६।०८।१८ मा अन्नपूर्ण पोष्ठ राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा तपसिलमा उल्लेखित कुनै पनि ठेक्का शिर्षकमा बोलपत्र फाराम बिक्री नभएको हुँदा दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता भै प्रमाण पत्र लिएका फर्मले यस कार्यालयबाट बोलपत्र खरीद गरी सूचनाको शर्तका आधारमा आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई शिलबन्दी बोलपत्र पेशगर्नु पर्नेछ। उल्लेखित ठेक्काहरूको कर दस्तुरको दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिने छ तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ। यसरी बोलपत्र दिंदा मू.अ.कर दर्ता प्रमाण पत्र, आ. व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र आ. व. २०७६/७७ का लागी फर्म नविकरण पत्र बोलपत्र साथ राखी आफूले कबोल गरेको ठेक्का अंकको ३ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेड, शाखा कार्यालय गुरुम्फीमा रहेको धरौटी खाता नं ०५६०७६५०३९००१४ मा जम्मा गरी सो को सक्कल भौचर वा यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट (छैठौं संशौधन सहित) जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) राखी यस कार्यालय बोलपत्रदाताको सही छाप भएको शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। म्यादनाघी आएको, रित नपुगेको,कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

**तपसिल :**

| क्र.सं | ठेक्का नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) आ.व. २०७६/०७७ को लागि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/२०७६/७७ | वालुवा, ढुंगा संकलन तथा बिक्री कर<br>बेसी बगर १ वडा नं ३ (27°43'50.7"N, 86°09'37.9"E, 27°43'46.89"N, 86°09'36.85"E,) | रु.१२७२०००।०० | रु.१०००।०० |
| २ | ०२/२०७६/७७ | बेसी बगर २ वडा ३ (27°43'39.1"N, 86°09'36.0"E, 27°43'42.6"N, 86°09'36.4"E,) | रु.३१८०००।०० | रु.१०००।०० |
| ३ | ०३/२०७६/७७ | पिखुती बगर सिमलको फेद मुनी वडा नं ३ (27°43'6.7"N, 86°09'8.3"E, 27°44'8.0"N, 86°09'8.82"E,) | रु.३८१६००।०० | रु.१०००।०० |
| ४ | ०४/२०७६/७७ | बगुवा बगर वडा नं २ (27°41'38.7"N, 86°07'56.1"E, 27°41'37.8"N, 86°07'55.9"E,) | रु.५७२४००।०० | रु.१०००।०० |
| ५ | ०५/२०७६/७७ | सहेली बगर वडा नं २ (27°42'0.5"N, 86°08'19.8"E, 27°42'1.19"N, 86°08'22.7"E,) | रु.२२२६०००।०० | रु.३०००।०० |
| ६ | ०६/२०७६/७७ | टाहारी बगर वडा नं २ (27°41'33.9"N, 86°07'33.6"E, 27°41'32.9"N, 86°07'31.8"E,) | रु.१२७२०००।०० | रु.१०००।०० |

१. बोलपत्र विक्रि हुने अन्तिम मिति, समय :- दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्म (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन)।
२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय : दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:००बजेसम्म।
३. बोलपत्र विक्रि गर्ने स्थान : गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखा।
४. बोलपत्र दाखिला गर्ने स्थान : गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखा।
५. बोलपत्र खोलिने स्थान, मिति, समय : गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखा। बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे।
६. बिस्तृत जानकारीको लागि गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क नं. ९८५१२४९२०७,९८४३६९९०४८, हाम्रो वेवसाईट : **www.gaurishankarmun.gov.np** मा हेर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

---

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भौतिक पूर्वाधार बिकास मन्त्रालय**

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**

**तानसेन, पाल्पा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०७६/१०/०३)**

यस कार्यालयबाट मिति २०७६/०८/२३ गते नयाँ पत्रिकामा प्रकाशित सूचना बमोजिम म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | CONTRACT IDENTIFICATION NO. | फर्म/कम्पनीहरुको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर.बाहेक) |
|---|---|---|---|
| १ | WSSDOP/NCB/G/076-77/P8 | नारायणी प्लाष्टिक उद्योग प्रा.लि., कलैया, बारा | ३,००,९१,५००।०० |
| २ | WSSDOP/NCB/G/076-77/P9 | नेपाल ब्रदर्श हार्डवयर, पोखरा | १,८६,८९,४५१।०० |
| ३ | WSSDOP/NCB/G/076-77/P10 | नारायणी प्लाष्टिक उद्योग प्रा.लि., कलैया, बारा | ९५,६५,०००।०० |
| ४ | WSSDOP/NCB/G/076-77/P11 | श्याम विक्रम निर्माण सेवा, रौतहट | ३७,२०,७०३।५० |

**डिभिजन प्रमुख**

---

**सूर्मा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

दौलिचौर, बझाङ्ग

सुदुरपश्चिम प्रदेश, नेपाल

**विषयः- करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सुचना।**

सूचना प्रकाशित मिति : २०७६/०९/०३

यस सुर्मा गाउँपालिकाको कार्यालयमा देहाय बमोजिमको पदमा करार नियुक्ती गर्नुपर्ने भएकाले योग्गता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सुचना प्रशासन भएको मितीले ७ (सात) दिन भित्र (मिती २०७६/१०/०८ गते भित्र) रितपुर्वकको आवेदन पेश गर्नुहुन गाउँकार्यपालिकाको निर्णय अनुसार यो सुचना प्रकाशित गरिएको हो।

| क. स | बिज्ञापन नं | पद/श्रेणी/तह | न्युनतम शैक्षिक योग्यता | पद संख्या | तलब सुबिधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७६/०७७ | रोजगार संयोजक (पाचौ) | प्रमाण पत्र तह (बाह्र पास) वा सो सरहको /कम्प्युटर अपरेटर डिप्लो मा प्रमाण पत्र | १ | नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोके बमोजिम | १५०० |

१. **दरखास्त दिने स्थान:** सुर्मा गाउँपालिकाको कार्यालय, दौलिचौर बझाङ्ग
२. **परिक्षाको किसिम:** लिखित र प्रयोगात्मक
३. **संग्लग्न गनुपर्ने कागजातहरु:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपी, अनुभव प्रमाण पत्र प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साइजको फोटा २ प्रति।
४. **उमेर हद:** दरखास्त दिने अन्तिम मितीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने।
५. कम्तीमा २ बर्ष काम गरेको अनुभवको प्रमाण पत्र प्रतिलिपी।
६. कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सिप भएको :
   - क) देवनागरि र अङ्ग्रेजीमा दक्षता पुर्वक टाईपिङ्ग गर्न सक्ने।
   - ख) Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्न सक्ने भएको
   - ग) MS office package word, Excel, Powerpoint आदीको प्रयोग गर्न सक्ने क्षमता भएको।
७ थप जानकारीका लागी सुर्मा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ। मोबाईल नम्बर:९८४१२७१९१४,९८४८४३६८०५

**पुनश्चः**

मिती २०७६/०९/१३ गतेको बिज्ञापनमा उम्मेदवारको उमेर हद १८ बर्ष हुनुपर्नेमा अन्यथा भएकोले यो बिज्ञापन पुन प्रकाशित गरिएको हो।

**सुर्मा गाउँपालिका**

**छनौट तथा पदपुर्ती समिती**